# हेटौंडा उपमहानगरपालिकाको
# विपद् व्यवस्थापनरणनीतिक कार्ययोजना
# २०७६-२०८७

## हेटौंडा उपमहानगरपालिका
## हेटौंडा, नेपाल

फाल्गुण, २०७६

# बिषय सूची


१. पृष्ठभूमि ........ १

२. विपद् व्यवस्थापनका लागि रणनीतिक कार्ययोजना ........ २

२.१ मार्गदर्शक सिद्धान्त ........ २

२.२ दीर्घकालीन सोंच ........ ३

२.३ अपेक्षित परिणाम ........ ३

२.४ उद्देश्य ........ ४

२.५ लक्ष्य ........ ४

२.५ प्राथमिकताप्राप्त क्षेत्रहरु तथा रणनीतिक क्रियाकलापहरु ........ ६

३. रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था ........ ३०

४. रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन ........ ३१

# हेटौंडा उपमहानगरपालिकाको
# विपद् व्यवस्थापनरणनीतिक कार्ययोजना
# २०७६-२०८७

## १. पृष्ठभूमि

चुरे र महाभारत पर्वत श्रृङ्खलाको बीचमा अवस्थित हेटौंडा उपमहानगरपालिका विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुबाट सिर्जित विपद्को जोखिममा रहेको छ । यस उपमहानगरपालिकाका वडा नं. १ र १९ का केहि भूभागहरु पहिरोको जोखिममा छन् भने अन्य वडाका नदी किनारामा अवस्थित समतल भूभागहरु बाढीको जोखिममा रहेका छन् । शहरी क्षेत्रमा अव्यवस्थित वसोवास र ढल निकास प्रणालीको अभावले गर्दा शहरी बाढीको जोखिम पनि बढिरहेको छ ।मध्य पर्वत श्रृंखलाबाट शुरु हुने पूर्वी राप्ती नदी रसामरी खोला तथा चुरेक्षेत्रबाट बग्ने कर्रा, कुखरेनी र चकरी खोला जस्ता सहायक नदीहरूले वर्षायाममा भारी मात्रामा ढुङ्गा, माटो र वालुवा ल्याउँछन् जुन नदीको पिँध र किनारामा जम्मा भै बाढीको कारण बन्दछ । तीब्र बाढी र नदी किनाराको जमिनको क्षयिकरणयी नदीहरुले निम्त्याउने प्रमुख जोखिमहरु हुन् । चुरे क्षेत्रको कमजोर भूवनौटले गर्दा भूक्षय, पहिरो र तीब्र बाढीको जोखिम अझ बढेको छ ।

हेटौंडा उपमहानगरपालिका चट्याङ्ग, आगलागी, सडक दुर्घटना, महामारी, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, औद्योगिक दुर्घटना, वातावरणीय प्रदुषण, वन विनास तथा भौतिक संरचनाको क्षति जस्ता प्रकोपबाट समेत प्रभावित छ । हेटौंडा उपमहानगरपालिका एक औद्योगिक नगर भएकोले औद्योगिक (रासायनिक, विकिरण, वायु प्रदुषण, जल प्रदुषण) जोखिम पनि उच्च छ ।सन् २०११ देखि २०१८ सम्ममा हेटौंडा उपमहानगरपालिकामा चट्याङ्ग, आगलागी र बाढीको कारण १४ जनाले ज्यान गुमाउनु पर्‍यो, ७८ जना घाईते भए भने करिब पाँच करोड बराबरको क्षति तथा नोक्सानीभयो । विगत केहि वर्षदेखि खुला ठाउँहरु र कृषिको लागि प्रयोग गरिएको जमिनमा उल्लेख्य ह्रास आएको छ रशहरीकरणमा ठूलो वृद्धि भएको छाजनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र जोखिम असंवेदनशीलविकासका कार्यहरुले गर्दा विपद् सङ्कटासन्नतामा अझ बृद्धि भैरहेको छ ।

हेटौंडा उपमहानगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनकाकार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । यस सन्दर्भमाहेटौंडा उपमहानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ पारित भई कार्यान्वयनमा आएको छ । साथै नगर विपद् व्यवस्थापन समितिको गठन, वडा स्तरीय विपद् व्यवस्थापन समितिहरुको गठन र विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था महत्वपूर्ण रहेका छन् ।
सन् २०१५ पछि विश्वव्यापी रुपमा स्वीकार गरिएका विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा, जलवायु परिवर्तन अनुकुलनका लागि पेरिस सम्झौता, दिगो विकासका लक्ष्यहरु, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना

२०१८-२०३०, हेटौडा उपमहानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति, २०६६ को कार्यान्वयनबाट प्राप्त अनुभव, सन् २०१५ को गोरखा भूकम्प तथा सन् २०१७ को बाढीको सिकाई समेतलाई आधार लिई विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु परिवर्तन अनुकुलित तथा विपद् उत्थानशील नगरको निर्माण गर्दै दिगो विकास गर्न हेटौंडा उपमहानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को दफा ५(क) को अधिकार प्रयोग गरी नगर विपद् व्यवस्थापन समितिले यस "हेटौडा उपमहानगरपालिकाको विपद् व्यवस्थापनरणनीतिक कार्ययोजना, २०७६-२०८७" तर्जुमा गरिएको छ ।यो रणनीतिक कार्ययोजना हेटौंडा उपमहानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७६/११/२ गतेको बैठकबाट स्वीकृत भै लागु भएको छ ।

## २. विपद् व्यवस्थापनका लागि रणनीतिक कार्ययोजना

यस विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुर्‍याउने सन्दर्भमा विपद् जोखिम न्यूनीकरणतथा व्यवस्थापन कार्यका लागि हेटौंडाउपमहानगरपालिकाको प्रतिबद्धता सहितको दस्तावेज हो । यस कार्ययोजनाले विपद् व्यवस्थापनमा "जोखिम न्यूनीकरण" केन्द्रित बृहत्तर अवधारणालाई जोड दिएको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा,२०१५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना२०१८-२०३०लाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनामाचार प्राथमिकताप्राप्त क्षेत्रहरू र प्रत्येकप्राथमिकताप्राप्त क्षेत्र अन्तर्गत रणनीतिक क्रियाकलापहरू समेत स्पष्ट रूपमा परिभाषित गरी विभिन्न निकायहरुको जिम्मेवारी निर्धारण गरिएको छ ।

### २.१ मार्गदर्शक सिद्धान्त

हेटौंडा उपमहानगरपालिकाले विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गर्नेछ ।

१. हेटौंडा उपमहानगरपालिका भित्र विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी उपमहानगरपालिकाको हुनेछ । उपमहानगरपालिकाले आवश्यक परेमा प्रदेश तथा संघीय सरकारसँग सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

२. हेटौंडा उपमहानगरपालिकाले संघ, प्रदेश तथा अन्य स्थानीय तह, राजनीतिक दल तथा भातृ संगठनहरु, सरोकारवाला संघ, संस्थाहरू तथा समुदाय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरू लगायतको सहभागिता तथा सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य गर्नेछ ।

३. विपद् जोखिम व्यवस्थापन गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रबर्धन गरिनेछ ।

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समाजका सबै पक्ष तथा क्षेत्रसँगको सहभागिता तथा साझेदारीमागरीनेछ । यसका लागि विपद्बाट अति प्रभावित समुदायको सशक्तीकरण गरिनेछ । मुख्यतया अति गरीब समुदायको समावेशी, पहुँचयुक्त तथा विभेदरहित सहभागिता सुनिश्चित गरिनेछ । लिङ्ग, उमेर, अपाङ्गता तथा सांस्कृतिक र भौगोलिक विविधतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ । महिला तथा युवा नेतृत्वलाई प्रबर्द्धन गरिनेछ ।

५. स्थानीय सरकारका सबै सरोकारवाला निकायहरूको पूर्ण सहभागिता, सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूको जिम्मेवारी र भूमिकाको स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रिय संलग्नता, साझेदारी तथा परिपूरकताको सुनिश्चितता गरिनेछ ।

६. समुदायहरुलाई श्रोत, साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सशक्तिकरण गरिनेछ ।

७. विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा लिङ्ग, उमेर र अपाङ्गताको आधारमा छुट्टाछुट्टै अद्यावधिक, बृहत्तर, परम्परागत ज्ञानलाई औपचारिक र सम्मानपूर्ण मान्यता दिई विज्ञानमा आधारित तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ ।

८. दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गरिनेछ ।

९. विपद् जोखिमका स्थानीय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरिनेछन् ।

१०. विपद् जोखिमका कारक तत्वहरूको निराकरणको लागि सार्वजनिक तथा निजी लगानी बृद्धि गरी दिगो विकासमा समेत योगदान पुऱ्याइनेछ ।

११. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणा अवलम्वन गरिनेछ ।

१२. विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिबृद्धि गरिनेछ ।

१३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गरिनेछ ।

## २.२ दीर्घकालीन सोंच

विपद्बाट सुरक्षित, जलवायु अनुकुलित तथाविपद् उत्थानशील प्रणाली र पूर्वाधार; उपमहानगरको दिगो विकासको आधार ।

## २.३ अपेक्षित परिणाम

विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका साधनहरुका साथै महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलता बृद्धि गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ ।

## २.४ उद्देश्य

प्राकृतिक तथा गैरप्राकृतिकविपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु,भौतिक एवं सामाजिक पूर्वाधार,सांस्कृतिक एवं वातावरणीय सम्पदामाहुने जोखिम तथा क्षतिको उल्लेख्य रुपमा कम गर्नु यसरणनीतिक कार्ययोजनाको उद्देश्य रहेकोछ ।

## २.५ लक्ष्य

नेपाल सरकार, गृह मन्त्रालयको पछिल्लो ८ वर्ष (सन् २०११ देखि २०१८) को तथ्याङ्क विश्लेषण गर्दा हेटौंडा उपमहानगरपालिकामा चट्याङ्ग, आगलागी र बाढीको कारण १४ जनाले ज्यान गुमाएको देखिन्छ भने ७८ जना घाईते भएका र करिब पाँच करोड बराबरको क्षति तथा नोक्सानी भएको देखिन्छ । विपद्बाट आर्थिक रूपमा बढी प्रभावित र नोक्सानी हुने क्षेत्रहरूमा उत्पादनमूलक क्षेत्र, सामाजिक क्षेत्र र पूर्वाधार क्षेत्रहरू मुख्य रहेका छन् । यस रणनीतिक कार्ययोजनाले हेटौंडा उपमहानगरपालिकामा विपद् क्षति न्यून गर्न निम्न लक्ष्यहरू लिएको छ ।

| सि. नं. | सूचक | आधार रेखा (२०१८ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| **१** | **विपद्बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | २ | १ | ० | ० |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | ५ | ३ | १ | ० |
| **२** | **विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | १० | ६ | ३ | ० |
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | १० | ८ | ६ | ४ |
| २.३ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | ५ | ३ | १ | ० |
| **३** | **विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रुपमा कम गर्ने** | | | | |
| ३.१ | विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति (लाख) | ६४ | ४० | २० | १० |
| **४** | **महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गर्न उत्थानशीलता विकास गर्ने** | | | | |
| ४.१ | स्वास्थ्य भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १ | ३ | ५ |
| ४.२ | विद्यालय भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ५ | १५ | ३० |
| ४.३ | विपद् जोखिम न्यूनीकरणका लागि विद्यमान विद्यालयहरूबाट नमूना विद्यालयहरूको विकास | | १ | २ | ४ |
| ४.४ | सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १ | २ | ४ |

| सि. नं. | सूचक | आधार रेखा (२०१८ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| ४.५ | सांस्कृतिक सम्पदास्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १ | २ | ४ |
| ४.६ | खानेपानीका संरचनाहरूको मर्मत सम्भार गरी उत्थानशीलता विकास | | १ | २ | ४ |
| ४.७ | एकिकृत जलश्रोत व्यवस्थापनको योजना कार्यान्वयनको प्रतिशत | | २५ | ४० | ६० |
| ४.८ | बायो ईन्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण (कि.मी.) | | ४ | ७ | १० |
| ४.९ | जलवायु स्मार्ट शहरको विकास | | १ | १ | १ |
| ४.१० | जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने | | १ | २ | ३ |
| **५** | **विपद् व्यवस्थापनका लागि अन्तर निकाय समन्वय संयन्त्र विकास गर्ने** | | | | |
| ५.१ | संघ, प्रदेश र स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत) | | १०० | १०० | १०० |
| ५.२ | पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणका लागि “अझ राम्रो र बलियो निर्माण” को सिद्धान्तका आधारमा श्रोतहरू व्यवस्थापन र कार्यान्वयनको प्रतिशत | | ५० | ७५ | १०० |
| **६** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने** | | | | |
| ६.१ | उपमहानगरपालिकाको कूल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र संचालन भएको क्षेत्रफलको प्रतिशत | | ५० | ७० | १०० |
| ६.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | ५० | ८० | १०० |
| ६.३ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | | ५० | १०० | १०० |

.

## २.५ प्राथमिकताप्राप्त क्षेत्रहरु तथा रणनीतिक क्रियाकलापहरु

यस रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणा (Holistic Approach)लाई आत्मसात गरेको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइकार्यढाँचा, २०१५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ - २०३० लाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनाले निम्न बमोजिम चार प्राथमिकता प्राप्त क्षेत्रहरू निर्धारण गरेको छ ।

१. विपद् जोखिम बारे बुझाई
२. हेटौडा उपमहानगरपालिकामा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण
३. विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन
४. प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा “अझ राम्रो र बलियो निर्माण” का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

हरेक प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत अल्पकालीन (सन् २०२०-२०२२), मध्यकालीन (सन् २०२०-२०२५), दीर्घकालीन (सन् २०२०-२०३०) र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी निम्न बमोजिमरणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

### १. विपद् जोखिम बारे बुझाई

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. प्रमुख प्रकोपहरु (सडक दुर्घटना, महामारी, भूकम्प, चट्याङ्ग, बाढी, आगलागी, औद्योगिक प्रदुषण आदि) बाट सिर्जित जोखिमको आँकलन, नक्शाङ्कन र जोखिम क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | स्थानीय स्तरमा विपद् जोखिम आँकलन तथा नक्शाहरू उपलब्ध भएको हुनेछ | निरन्तर | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालय, प्रदेश सरकार |
| २. प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गरी सूचना प्रवाह गर्ने | विपद् जोखिम बारे व्यापक प्रचार प्रसार तथा जानकारी भएको हुनेछ | निरन्तर | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल दुरसंचार प्राधिकरण, पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन, समुदायमा आधारित संगठनहरू, विकासका साझेदार, गैर |

| रणनीतिक क्रियाकलाप | | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | | | सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु, रेडक्रस अभियानका अंगहरु |
| ३. | विद्यालय स्तरको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्वन्धी पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापन गर्ने, गराउने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्रमा दक्ष जनशक्ति विकास भै विपद् जोखिम बुझाईमा वृद्धि भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार |
| ४. | दलित, महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, संकटउन्मुख समुदायहरू र सम्पूर्ण सरोकारवालाहरूका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने | संकटउन्मुख समुदायहरू र सरोकारवालाहरूको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता विकास भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार |
| ५. | विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, सामुदायिक संस्था तथा उपभोक्ताहरूका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा खेल्नुपर्ने भूमिकाबारे जानकारीमूलक सामग्री बनाई प्रचारप्रसार गर्ने, तालिम प्रदान गर्ने र विभिन्न तहमा अनुभवको आदान प्रदान गर्ने | विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूको विपद् जोखिम बुझाईमा क्षमता वृद्धि भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठनहरू |
| ६. | प्रमुख प्रकोपहरु (सडक दुर्घटना, महामारी, भूकम्प, चट्याङ्ग, बाढी, पहिरो, आगलागी, औद्योगिक प्रदुषण आदि) को निरन्तर अनुगमन प्रणाली (Real-Time Observation System) स्थापना गरी समुदायमा आधारित पूर्व सूचना प्रणाली (Early Warning System) विकास गर्ने | विपद् हुनु अगावै पूर्वसूचना प्राप्त भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालय, प्रदेश सरकार |
| ७. | पेशेवर सवारी चालकहरुको लागि नियमित सडक सुरक्षा शिक्षा कार्यक्रमहरु सञ्चालन गर्ने | सडक दुर्घटना कम गर्न पेशेवर सवारी चालकहरुको क्षमता विकास भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ८. राजनीतिक दल तथा भातृ संगठनहरुका सदस्यहरु, निर्वाचित जन प्रतिनिधि, विपद् जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरूलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धि कानूनी तथा नीतिगत व्यवस्था बारे अभिमुखिकरण गर्ने | विपद् जोखिम न्यूनीकरण सम्बन्धि कानूनी तथा नियामक व्यवस्था बारे व्यापक जानकारी भै निर्णय प्रक्रिया प्रभावकारी भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय,राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार |
| ९. विपद् जोखिम न्यूनीकरण सम्बन्धमा सचेतना जगाउने कार्यक्रमहरूको विकास तथा संचालन गर्नका लागि समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू सँग सहकार्य गर्ने | विपद् जोखिम सम्बन्धी चेतना अभिबृद्धिमा ब्यापक सहकार्य भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू |
| १०. व्यापारी, व्यवसायी र उद्यमीहरूलाई विपद् जोखिम न्यूनीकरण बारे प्रशिक्षण दिई उनीहरूको जवाफदेहिता, सहभागिता र जिम्मेवारीवोध बढाउँने | निजी क्षेत्र विपद् जोखिम बारे जानकार भई जिम्मेवार भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, नेपाल उद्योग वाणिज्य महासंघ |

## २. हेटौंडा उपमहानगरपालिकामा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ११. समाजका सीमान्तकृत समूह, महिला, अपाङ्ग, बाल-बालिका तथा वृद्ध-वृद्धाहरूजस्ता अतिसंकटउन्मुख समूहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी नीति निर्माण, संगठन तथा | महिला, बालबालिका, वृद्ध वृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको विपद् जोखिम शासकीय पद्धतिमा सशक्तिकरण भएको हुनेछ | निरन्तर | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| कार्यक्रमहरूमापहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागितासुनिश्चित गर्ने | | | | |
| १२. विद्यालय तथा अस्पातलहरूमा विपद् व्यवस्थापन समिति गठन गर्ने | विद्यालय तथा अस्पातलहरूमा प्रभावकारी विपद् जोखिम व्यवस्थापन भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार |
| १३. हेटौडा उपमहानगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यस्थापन सम्वन्धि संगठनात्मक संरचना सुधार गरी विपद् व्यवस्थापनको लागि छुट्टै शाखा स्थापना गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रभावकारी संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| १४. हेटौडा उपमहानगरपालिकामा सडक सुरक्षा उपशाखा गठन गर्ने | उपमहानगरपालिकामा सडक सुरक्षाको लागि संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| १५. सडक प्रयोगकर्ताहरुका लागि विस्तृत आचार संहिता तयार गर्ने | सडक प्रयोगकर्ताहरु सचेत र अनुशासित भै सडक दुर्घटना कम भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रदेश सरकार |
| १६. हेटौडा उपमहानगरपालिकामा अग्नि नियन्त्रण उपशाखा गठन गर्ने | उपमहानगरपालिकामा आगलागी नियन्त्रणको लागि संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| १७. संकटउन्मुख समूहको सुरक्षाको लागि र आपत्कालिन स्थितीमा लैङ्गिक हिंसा रोकथाम गर्न कार्यविधी तयार गर्ने | आपत्कालिन स्थितीमा संकटउन्मुख समूहको सुरक्षा र लैङ्गिक हिंसा रोकथामका लागी कार्यविधी तयार भै कार्यान्वयन भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, प्रदेश सरकार |
| १८. विपद् प्रतिकार्यमा समुदाय तहमा स्वयंसेवक परिचालनका लागि कार्यविधी बनाई लागु गर्ने | विपदको समयमा स्वयंसेवक परिचालन सहज बनाउनकार्यविधी उपलब्ध भै लागु भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, समुदायमा आधारित संघ संस्था,गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १९. नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने | विपद् पूर्वतयारी तथा प्रतिकार्य प्रभावकारी भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय, प्रदेश सरकार |
| २०. विपद्को समयमा भग्नावशेष र विभिन्न फोहर व्यवस्थापनको लागि आवश्यक कार्यविधी बनाउँने | विपद्को समयमा भग्नावशेष र फोहर व्यवस्थित गर्न निर्देशिका तयार भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार |
| २१. नगर आपत्कालिन कार्यसञ्चालन केन्द्र स्थापना गर्ने र उक्त केन्द्रको कार्यसंचालन विधी तयार गर्ने | नगर आपत्कालिन कार्यसंचालन केन्द्रसंचालन भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार |
| २२. हेटौंडा औद्योगिक क्षेत्रका लागि विपद् जोखिम व्यवस्थापन योजना बनाउने र नियमित रुपमा कृत्रिम अभ्यास गर्ने | हेटौंडा औद्योगिक क्षेत्रमा विपद् जोखिम न्यूनीकरण भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार |
| २३. विपद् पश्चातको खोज र उद्दारलाई प्रभावकारी बनाउन मापदण्ड विकास गरी कार्यविधी बनाउने | खोज र उद्दार कार्य प्रभावकारी बनाउन कार्यविधी उपलब्ध भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका गृह मन्त्रालय, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी, प्रदेश सरकार |
| २४. विपद् जोखिम न्यूनीकरणमा उपमहानगरपालिकाको शासकीय क्षमता पहिचान गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गर्ने र दक्ष जनशक्ति विकास गर्ने | क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन भै विपद् जोखिम शासनमा क्षमता विक ास भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार |
| २५. भवन निर्माण ऐन तथा भवन संहिता लागू गर्ने, हेटौडा उपमहानगरपालिकाका लागि भवन निर्माण विनियम बनाउने | बाढी, भूकम्प, हावाहूरी र चट्याङ्ग प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको शहरी विकास मन्त्रालय, प्रदेश सरकार |
| २६. प्रमुख परियोजनाहरूको छनौट गर्दा विपद् र जलवायु परिवर्तन जोखिम मूल्यांकन गर्ने | प्रमुख आयोजनाहरूमा जलवायु र विपद् जोखिम प्रतिरोधी प्रविधी समावेश गर्न विस्तृत जोखिम मूल्यांकन भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २७. प्राकृतिक स्रोत व्यवस्थापन र विकास सम्वन्धी विभिन्न कार्यक्रम र योजनाहरूमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने | प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरूमा विपद् जोखिम न्यूनीकरण समावेश भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| २८. विपद् व्यवस्थापन कोष कार्यसंचालन विधी तयार गर्ने | विपद् व्यवस्थापन कोष संचालनका लागि जवाफदेहिता सहित कार्य संचालन विधि तयार भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| २९. उपमहानगरपालिकामा विपद् जोखिम न्यूनीकरणमा संलग्न सरकारी तथा गैर सरकारी निकायहरू र रेडक्रस अभियानका अंगहरुको सञ्जाल स्थापना गर्ने | सरकारी तथा गैर सरकारी निकायहरूको सञ्जाल स्थापना भै विपद् जोखिम न्यूनीकरणमा सबै सरोकारवालाहरूको व्यापक सहभागिता भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, अनुसन्धान संस्थाहरू |
| ३०. जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन विधी सम्बन्धि तालिम संचालन गर्ने | तालिम संचालन भै जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन गर्ने जनशक्तिको विकास भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वन तथा बातावरण मन्त्रालय, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू |
| ३१. विपद् जोखिम व्यवस्थापनका सम्पूर्ण प्रक्रियाहरूमा लैङ्गिक संवेदनशील र समावेशी पद्धति लागु गर्ने | प्रत्येक क्षेत्रले लैङ्गिक संवेदनशील र समावेशी विपद् जोखिम व्यवस्थापन पद्धति अवलम्बन गरेको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ३२. विपद जोखिम व्यवस्थापनका कार्यक्रम र नीति निर्माणमा जोखिममा रहेका नागरिक र जनताको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु संचालन गर्ने | विपद जोखिम व्यवस्थापनका लागिस्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु संचालन भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | ननेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३३. जोखिम आँकलनको आधारमा नदी व्यवस्थापन र जलाधार संरक्षणको लागि गुरू योजना तयार गर्ने | जल उत्पन्न जोखिम न्यूनीकरणका लागी गुरू योजना तयार भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका जल तथा ऊर्जा आयोगको सचिवालय, ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, प्रदेश सरकार |
| ३४. निजी क्षेत्रहरूलाई विपद् व्यवस्थापन योजना तयार गर्न प्रोत्साहन गर्ने | निजी क्षेत्रमा विपद् जोखिम व्यवस्थापन अवलम्बन भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका उद्योग, वणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश सरकार |
| ३५. विपद्को समयमा पशुपन्छी हेरचाह सम्बन्धि व्यवस्था गर्ने | पशुपन्छी हेरचाह सम्बन्धि व्यवस्था भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गृह मन्त्रालय, प्रदेश सरकार |
| ३६. हरित पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन (Ecosystem Based Adaptation) मार्फत विपद् जोखिम न्यूनीकरणका लागि योजना तयार गरी कार्यान्वयन गर्ने र हेटौडा उपमहानगरपालिका लाई हरित नगर (Green City) को रुपमा विकास गर्ने | हरित पूर्वाधार र पारिस्थितिकी प्रणालीमा आधारित अनुकूलन मार्फत विपद् जोखिम न्यूनीकरणका लागी योजना तयार भै कार्यान्वयन भएको हुनेछ र हरित संरचनाको निर्माणले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका वन तथा बातावरण मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार |
| ३७. जोखिमसंवेदनशील भूउपयोग योजना तयार गरी कार्यान्वयन गर्ने | भविष्यमा बस्ती र उत्पादनमूलक प्रयोगका लागि उच्च, मध्यम तथा न्यून जोखिम क्षेत्रहरूको पहिचानको आधारमा योजनाहरु तयार भएका हुनेछन् | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार |

## ३. विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३८. सडक निर्माण लागतको कम्तिमा दश प्रतिशत रकम सडक सुरक्षाका लागि छुट्याउँने व्यवस्था गर्ने | सडक दुर्घटना जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार |
| ३९. विपद् जोखिम न्यूनीकरण गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई बढावा दिन कर छुट गरी प्रोत्साहनको व्यवस्था गर्ने | पूर्वाधार सम्वन्धी विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी उपलव्ध भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको अर्थ मन्त्रालय, प्रदेश सरकार |
| ४०. विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न व्यक्ति तथा समुदायको जीवन वीमाको व्यवस्था गर्ने | विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न व्यक्ति तथा समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, प्रदेश सरकार |
| ४१. कृषिमा बढ्दो विपद् (बाढी, खडेरी, शीतलहर) जोखिम र खाद्य असुरक्षाको चुनौतिलाई सम्वोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बिउ भण्डारहरूको स्थापना गर्ने | कृषि क्षेत्रको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, बीमा समिति, प्रदेश सरकार |
| ४२. महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरूको रूचि तथा आवश्यकता बमोजिम उनीहरूको जीवनस्तर वृद्धि गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम तथा तालिमहरू सञ्चालन गर्न लगानी गर्ने | संकटउन्मुख समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, विकास साझेदार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ४३. विपद् जोखिम क्षेत्रका आर्थिक रूपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने कार्यक्रम संचालनको लागि लगानी गर्ने | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको कृषि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु,विकास साझेदार |
| ४४. विपद् जोखिम क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिने | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु,विकास साझेदार |
| ४५. शहरी ढल निकास प्रणाली निर्माण गर्ने, विद्यमान ढल निकास प्रणालीको स्तरोन्नती गर्ने र मनसून पूर्व ढल तथा जल निकास मार्गहरू सफाई गर्ने | ढल तथा जल निकास मार्गहरूको निर्माणले शहरी बाढी जोखिम न्यूनीकरण भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार |
| ४६. कम्तीमा पाँच प्रतिशत बार्षिक बजेट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि छुट्याउँने व्यवस्था गर्ने | विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लगानी सुनिश्चित भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ४७. विपद् जोखिम न्यूनीकरणका कार्यक्रम तथा वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरण गर्ने | लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरण गरी विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार |
| ४८. वडा स्तरमा विपद् व्यवस्थापन कोषको व्यवस्था गर्ने | वडा स्तरमा विपद् जोखिम न्यूनीकरणको लागि कोष उपलब्ध भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ४९. साना व्यापार तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने | व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन भै विपद्को समयमा समेत निजी व्यवसायिक क्षेत्रहरू संचालन भएका हुनेछन् | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, नेपाल उद्योग वाणिज्य महासंघ, निजी क्षेत्र, प्रदेश सरकार |
| ५०. मुख्य सडकहरुमा सडक बत्तीको र चोकहरुमा Traffic Light को व्यवस्था गर्ने | सडक दुर्घटना कम भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रदेश सरकार |
| ५१. उपमहानगरपालिकाका सम्पूर्ण विद्यालयहरूलाई सबैभन्दा मजवुत संरचनाको रूपमा निर्माण, पुनः निर्माण र प्रवलीकरण गरी सुरक्षित आपत्कालिन आवाशीय सेवा समेत प्रदान गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्ने र विपद् जोखिम न्यूनीकरणका लागि नमूना विद्यालयहरूको स्थापना गर्ने | विद्यालयहरू विपद् उत्थानशीलता तर्फ अग्रसर भएका हुनेछन् | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार |
| ५२. उपमहानगरपालिकाका सम्पूर्ण अस्पताल तथा स्वास्थ्य चौकीहरूलाई सबैभन्दा मजवुत संरचनाको रूपमा निर्माण, पुनः निर्माण र प्रवलीकरण गरी सुरक्षित आपत्कालिनसेवा समेत प्रदान गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्ने | अस्पतालहरू विपद् उत्थानशील भएका हुनेछन् | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार |
| ५३. ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरूको संरक्षण, मर्मतसम्भार र संचालनका लागि योजना तयार गरी कार्यान्वयन गर्ने | ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरू विपद् उत्थानशील भएका हुनेछन् | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, पुरातत्व विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ५४. ताल, सिमसार तथा पोखरीहरूको संरक्षण गर्ने र पोखरीहरूको निर्माण गरी पानी संरक्षण र वर्षाको पानी संकलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधी विकास गर्ने | बाढी, खडेरी तथा आगलागी क्षति कम भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, भू तथा जलाधार संरक्षण विभाग, प्रदेश सरकार |
| ५५. बन जङ्गलहरूमा अग्नी रेखा निर्माण गर्ने | आगलागी क्षति कम भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार |
| ५६. विपद् जोखिम न्यूनीकरणका लागि साना लगानी, लघु ऋण, बीमा, पुनर्बीमा आदिको विकास तथा प्रवर्धन गर्ने | वैज्ञानिक तथ्याङ्कको आधारमा मानवीय कोष परिचालन भएको हुनेछ साथै विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, निजी क्षेत्र, प्रदेश सरकार |
| ५७. विपद् प्रभावित व्यक्ति तथा समुदायहरूलाई लघुवित्त, निर्व्याजी ऋण, ससर्त नगद हस्तान्तरण आदिको व्यवस्था स्थापित गर्ने | विपद् प्रभावित व्यक्ति तथा समुदायहरूको विपद् पुनर्लाभ बृद्धि भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, नेपाल राष्ट्र बैंक, सहकारीहरू, प्रदेश सरकार |
| ५८. व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) कार्यक्रम मार्फत विपद् पश्चातको पुनर्लाभ र पुर्ननिर्माणमा निजी लगानी बृद्धि गर्ने | पुनर्लाभ र पुर्ननिर्माणमा निजी लगानी बृद्धि भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश सरकार |
| ५९. समुदायमा आधारित, योगदानमा आधारित लघु बीमा, पशु बीमा, खेती बीमा, कृषक आरक्षित कोष, जोखिमको समूहकरणको योजनाहरू विकास गर्ने र | समुदायमा आधारित विभिन्न स्वरुपमा विपद् जोखिम बीमा योजना उपलब्ध भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका अर्थ मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, बीमा समिति, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| लागू गर्ने | | | | |
| ६०. विपद् जोखिम बीमा, जोखिम हिस्सेदारी ( जस्तै लघु बीमा, आकस्मिक कोष, निम्न व्याजदर ऋण योजना) लगायतका कार्यक्रममा निजी क्षेत्रको सहभागिता र लगानीलाई आकर्शित गर्न सार्वजनिक निजी साझेदारीलाई प्रवर्धन गर्ने | जोखिम हिस्सेदारीमा सार्वजनिक निजी साझेदारीको लागि नीतिगत व्यवस्था भै कार्यान्वयन भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, बीमा समिति, गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, प्रदेश सरकार |
| ६१. जीविकोपार्जनका आधार, सीप, औजार र लगानीलाई विपद्को अवस्थाबाट जोगाउन योगदानमा आधारित बीमा प्रणालीलाई विस्तार गर्ने | जीविकोपार्जनका उपायहरूको बीमा मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ, प्रदेश सरकार |
| ६२. गरीब, भूमिहीन र सीमान्तकृत घर परिवारको एकीकृत अभिलेख प्रणालीको विकास गरी गरीबीको रेखा मुनीका घर परिवारलाई विपद् प्रभावित भएको खण्डमा स्वतः बीमा लाभग्राही हुने व्यवस्था गर्ने | गरीबीको रेखामुनीका घर परिवारहरूको बीमा मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, राष्ट्रिय बीमा संस्थान, बीमा कम्पनीहरू, प्रदेश सरकार |
| ६३. समाजिक सुरक्षाका विभिन्न कार्यक्रमलाई विपद् उत्थानशीलतासँग जोड्ने | समाजिक सुरक्षा कार्यक्रम मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय दलित आयोग, महिला आयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार |
| ६४. वातावरणीय क्षयीकरण र विपद्-जोखिम घटाउन बैकल्पिक ऊर्जाको प्रवर्धन गर्ने | बैकल्पिक ऊर्जाको प्रयोगले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, बैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ६५. अस्पतालहरूको र समग्र स्वास्थ्य सेवाको आपत्कालीन उपचार क्षमता अभिवृद्धि गर्ने | स्वास्थ्य सेवामा विपद् उत्थानशीलताका लागि आपत्कालीन उपचार क्षमता अभिवृद्धि भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार |
| ६६. जोखिमयुक्त निजी आवास, होटेल, सपिङ्ग मल, व्यवसायिक तथा औद्योगिक भवनहरू प्रबलीकरणको लागि प्रोत्साहन गर्ने | निजी संरचनाहरू सुरक्षित भएका हुनेछन् | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार |
| ६७. वडा कार्यालयहरू, सामुदायिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू र आश्रयस्थलहरू बालबालिका, बृद्धबृद्धा तथा अपाङ्ग मैत्री बनाउँने | बालबालिका, बृद्धबृद्धा तथा अपाङ्गहरूको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार |
| ६८. जीवकोपार्जनका वैकल्पिक विधिहरू ( तरकारी खेती, नगदे बाली खेती, माछा पालन, पशुपालन, व्यापार, साना उद्योग आदि) प्रोत्साहन गर्ने | जीवकोपार्जनका साधनहरूमा विपद् उत्थानशीलता विकास भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |
| ६९. बाढी तथा खडेरी प्रतिरोधी कृषि प्रणाली, बाढी प्रतिरोधी खाद्य तथा बिउ भण्डारण आदि प्रोत्साहन गर्ने | बाढी तथा खडेरी उत्थानशीलता विकास भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |
| ७०. हेटौडा उपमहानगरपालिका लाई जलवायु स्मार्ट शहरको (Climate Smart City) रुपमा विकास गर्ने | हेटौडा उपमहानगरपालिकामा जलवायु परिवर्तन जोखिम कम भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ७१. बाढी जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि (जस्तै तटबन्ध, जलाशय, चेक बाँध आदि) र गैर संरचनागत प्रविधि (जस्तै जैविक बाँध, वृक्षरोपण, वन संरक्षण, जलाधार संरक्षण आदि) अवलम्बन गर्ने | संरचनागत प्रविधि तथा वातावरण संरक्षण मार्फत बाढी जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |
| ७२. पहिरो जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि (जस्तै भिरालो जमिन सुदृढीकरण, आकार परिमार्जन, सतह क्षयिकरण नियन्त्रण, जलनिकास सुधार आदि) र गैर संरचनागत प्रविधि (जस्तै जैविक बाँध, वृक्षरोपण, वन संरक्षण, जलाधार संरक्षण आदि) अवलम्बन गर्ने | संरचनागत तथा गैर संरचनागत प्रविधि मार्फत पहिरो जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार |
| ७३. विपद् जोखिम न्यूनीकरणमा संयुक्त सार्वजनिक निजी लगानी प्रवर्धन गर्ने | विपद् जोखिम न्यूनीकरणमा निजी लगानी उपलब्ध भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, निजी क्षेत्र, प्रदेश सरकार |
| ७४. बैंक, सहकारी तथा सामुदायिक संस्थाहरू (वन उपभोक्ता समिती, दुग्ध उत्पादन सहकारी संस्था) मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज व्यवस्था गर्ने | विपद् जोखिम तथा क्षति कम भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, सामुदायिक वन उपभोक्ता महासंघ, गरीबी निवारण कोष, प्रदेश सरकार |
| ७५. सार्वजनिक भवनहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरूको विपद् जोखिम बीमा गर्ने | विपद् जोखिम बीमा प्रभावकारी भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, राष्ट्रिय बीमा संस्थान, बीमा कम्पनीहरू, प्रदेश सरकार |

## ४. प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा “अझ राम्रो र बलियो निर्माण” का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ७६. प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा निकासी मार्ग (Evacuation Route) र भेला हुने स्थान (Area of Assembly) छुट्याई रेखाङ्कन र सिमाङ्कन गर्ने | सार्वजनिक भवन तथा स्थलहरू विपद् प्रतिकार्यका लागि पुर्वतयार भएका हुनेछन् | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश सरकार, निजी क्षेत्र |
| ७७. मानव तथा पशुपन्छी आश्रयस्थलहरू स्थापना गर्ने | स्थानीय स्तरमा विपद्को समयमा आश्रयको निम्ति सुरक्षित स्थानहरू उपलब्ध भएका हुनेछन् | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार |
| ७८. पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि विभिन्न प्रकारका प्रकोपहरूका सम्बन्धमा चाल्नु पर्ने कदमहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि उपयुक्त कार्यहरु गरीने सुनिश्चित भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, वन तथा भू संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकार, गैर सरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ७९. पूर्वसूचना प्रणालीमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | पूर्वसूचना प्रणाली समावेशी भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, वन तथा भू संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| | | | | अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ८०. ज्येष्ठ नागरीक र आदिवासीहरूको वर्षौं देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासलाई पूर्वसूचना प्रणालीमा सदुपयोग गर्ने | पूर्वसूचना प्रणालीमा मौलिक ज्ञान र अनुभव समेटिएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ८१. स्थानीय विपद् प्रतिकार्य र खोज तथा उद्धार टोलीको गठन गर्ने | स्थानीय खोज तथा उद्धार कार्य प्रभावकारी भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| ८२. प्रत्येक वडामा सूचना केन्द्रहरू स्थापना गर्ने | विपद् जोखिम बारे समुदाय सुसूचित भएका हुनेछन् | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ८३. विपद् सूचना संचार तथा प्रसारका लागि रेडियो, टिभी, फोन, एसएमएस, साईरन, आवाज, सूचना वाहक, झण्डोत्तोलन आदि अनुसरण गर्ने | स्थानीय स्तरमा प्रभावकारी संचार तथा प्रसार भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ८४. संकटउन्मुख समूह (निरक्षर, दृष्टि विहीन, बहिरा) का लागि विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्ने | विपद् सूचनामा संकटउन्मुख समूहको पहुँच बृद्धि भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ८५. राहत संकलन र परिचालनमा दोहोरोपना आउँन नदिन कार्यविधी बनाई एकद्वार प्रणाली अवलम्बन गर्ने | विपद् प्रतिकार्यमा एकरूपता तथा पारदर्शिता भएको हुनेछ र दोहोरोपना हट्नेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |
| ८६. प्रत्येक वडामा समुदायमा आधारित खोज र उद्धार टोली स्थापना गर्ने | प्रत्येक वडामा खोज र उद्धार टोली स्थापना भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाली सेना,सशस्त्र प्रहरी वल,नेपाल प्रहरी,नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ८७. उपमहानगरपालिका भित्र रहेका एम्बुलेन्स सेवाहरुको सञ्जाल बनाउने | विपद्को समयमा एम्बुलेन्स सेवा सहज उपलब्ध भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| ८८. सडक दुर्घटनाको उपचारमा स्वास्थ्य कर्मीहरुलाई दक्षता बृद्धिको लागि तालिम प्रदान गर्ने | सडक दुर्घटनाको उपचारमा स्वास्थ्य कर्मीहरुको क्षमता अभिबृद्धि भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय /स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| ८९. विपद्बाट प्रभावित व्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्ड (Core Humanitarian Standard) को अनुसरण गर्ने, गराउने | मानवीय सहायता गुणस्तरिय भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ९०. आधुनिक सूचना प्रविधिको प्रयोग गरी विपद् हानी र क्षतिको द्रुत आँकलन विधी विकास गर्ने र विपद् क्षतिको छुट्टाछुट्टै (Disaggregated) तथ्याङ्क संकलन गर्ने | द्रुत आँकलन विधी प्रयोग भै आपत्कालिन प्रतिकार्य कुशल र प्रभावकारी भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ९१. विपद् पश्चात आपत्कालिन रूपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गर्ने | विपद पश्चात शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको आपत्कालिन व्यवस्था भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ९२. प्रभावकारी विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नियमित रूपमा कृत्रिम घटना अभ्यास गर्ने | कृत्रिम घटना अभ्यास भै पूर्वतयारी तथा प्रतिकार्य प्रभावकारी भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| ९३. विपद् प्रभावित परिवारको पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि पुनर्वास निर्देशिका तयार पारी कार्यान्वयन गर्ने | पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि निर्देशिका तयार भई कार्यान्वयन भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ९४. पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि निर्देशिका तयार गर्ने | "अझ राम्रो र बलियो निर्माण" का लागि निर्देशिका उपलब्ध भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ९५. पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई समावेस गर्ने | भविष्यमा विपद् जोखिम कम भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ९६. पुनःस्थापना र पुनः निर्माणमा स्थानीय श्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा सीपको विकास र उपयोग गर्ने | पुनःस्थापना र पुनः निर्माण मितब्ययी तथा दिगो भएको हुनेछ | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ९७. विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने | भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिमहिला, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिका मैत्री भएका हुनेछन् | अल्पकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ९८. आपत्कालिन संचार प्रणाली, यातायात सेवा तथा बन्दोवस्ती व्यवस्थापन संयन्त्रको भरपर्दो व्यवस्था गर्ने | आपत्कालिन संचार प्रणालीका साथै रसद सुविधाहरू स्थापना भै प्रभावकारी प्रतिकार्य भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| ९९. हेटौंडा शहरमा घाईते हेरचाह केन्द्र (Trauma Care Centre) स्थापना गर्ने | घाईते उपचारका लागि पर्याप्त सुविधा उपलब्ध भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाईटी |
| १००. सबै सार्वजनिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू तथा महत्वपूर्ण पूर्वाधारहरूमा धुँवा डिटेक्टर र आगलागी अलार्मको विकास र जडान गर्ने | आगलागीको पूर्वसूचनाले क्षति कम भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १०१. संकटउन्मुख लक्षित समुदायहरू (महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी, दलित, विपन्न) को लागि पूर्वसूचना प्रणाली बारे जानकारीमूलक सामाग्रीहरूको (पुस्तिका, पर्चा, सूचनापत्र, विद्युतीय सन्देश इत्यादि) तयारी गर्ने | लक्षित समुदायहरू पूर्वसूचना प्रणाली बारे जानकार भएका हुनेछन् | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, वन तथा भू संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकार, शैक्षिक संस्थाहरू, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |
| १०२. कार्यशाला, गोष्ठी र आम सञ्चार माध्यमहरूद्वारा पूर्वसूचना प्रणालीबारे सचेतना कार्यक्रमहरूको सञ्चालन गर्ने | पूर्वसूचना प्रणालीबारे सचेतना बृद्धि भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, वन तथा भू संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |
| १०३. पूर्वसूचना प्रचारप्रसार तथा प्रतिकार्यको प्रभावकारिता सम्बन्धमा नियमित परीक्षण तथा अभ्यासहरू सञ्चालन गर्ने | पूर्वसूचना प्रचार प्रसार तथा प्रतिकार्यको प्रभावकारिता परीक्षण भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारको गृह मन्त्रालय/ राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, वन तथा भू संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १०४. विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार, चासो र सहभागिताको प्रत्याभूतिका लागि समुदायमा आधारित समूहहरू ( टोल विकास संस्था, वडा नागरिक मञ्चहरु, नगरिक सचेतना केन्द्रहरु, आमा समूह, युवा क्लव, बाल क्लव), स्थानीय गैरसरकारी संस्थाहरू र नागरीक समूहहरू (ज्येष्ठ नागरीक मञ्च) सँग साझेदारीको विकास गर्न स्थानीय निकाय र गैरसरकारी संस्था बीच सहकार्यको लागि कार्यविधी बनाई लागू गर्ने | स्थानीय निकाय र स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था बीचको साझेदारीमा विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार र चासो सम्बोधन भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |
| १०५. समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरूको प्रथम उद्दारक संयन्त्रको विकास र क्षमता अभिवृद्धि गर्ने | समुदायमा तालिम प्राप्त प्रथम उद्दारक स्वयंसेवकहरू उपलब्ध भएका हुनेछन् | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु |
| १०६. विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूका कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समावेशी भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु |
| १०७. विपद् व्यवस्थापनको लागि अनुगमन तथा मूल्याङ्कन योजना र कार्यविधि तयार गर्ने | स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनमा उत्तरदायित्व स्थापित भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| १०८. पुनःस्थापना र पुनर्निर्माणका लागि आधुनिक सूचना प्रविधि उपयोग गरेर द्रुत आँकलन प्रणाली विकास गर्ने | विपद् क्षतिको जानकारी तुरून्त उपलब्ध भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १०९. खोज तथा उद्धार र प्रतिकार्यका लागि तालिम प्राप्त जनशक्ति तयार गर्ने | प्रभावकारी खोज तथा उद्धार र प्रतिकार्य भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| ११०. विपद् पश्चात आवश्यक सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्धन गर्न तालिम प्राप्त र दक्ष मानवीय श्रोतको विकास गर्ने | सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्धनको लागि दक्ष मानवीय श्रोत उपलब्ध भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी |
| १११. प्रभावकारी प्रतिकार्यका लागि क्षेत्रगत कार्यसमूह अवधारणा (Cluster Approach) लाई सुदृढीकरण गर्ने | सबै तहमा प्रभावकारी प्रतिकार्य भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| ११२. भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा तालिम पुस्तिका र जानकारी, शिक्षा तथा संचार (Information, Education and Communication) का सामग्रीको विकास र वितरण गर्ने | भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा क्षमता सामग्रीको विकास र वितरण भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान |
| ११३. प्रकोप प्रतिरोधी झनै राम्रो पुनर्निर्माणका लागि ईन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत क्षमता अभिबृद्धि गर्ने | झनै राम्रो पुनर्निर्माणका लागि क्षमता अभिबृद्धि भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल निर्माण व्यवसायी महासंघ |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ११४. राष्ट्रिय एवं स्थानीय स्तरमा रहेका रेडियो, टेलिभिजन, छापा र अनलाईन मिडिया मार्फत प्रकोप प्रतिरोधी निर्माण विधि र विपद् जोखिम न्यूनीकरण बारे जनचेतनामूलक कार्यक्रम तयार गरी सञ्चालन गर्ने | प्रकोप प्रतिरोधी निर्माण विधि र विपद् जोखिम न्यूनीकरण बारे जनचेतना बृद्धि भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, मिडियाहरू |
| ११५. पुनः निर्माणमा भूकम्प, बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोप प्रतिरोधी निर्माण विधी अवलम्बन गर्ने | संरचनाहरू प्राकृतिक प्रकोप प्रतिरोधी भएको हुनेछ | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ११६. पूर्वाधार र भवनहरूको पुनर्निर्माणमा निर्माण संहिताको पालना गराउने र निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्ने, यसका लागि संयुक्त अनुगमनको व्यवस्था मिलाउने | पुनः निर्माण गरीएका संरचनाहरू अझ बलियो भएका हुनेछन् | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ११७. उच्च जोखिमयुक्त क्षेत्रमा वस्ती विकास, ठूला संरचना निर्माण र उद्योग खोल्न निरुत्साहित गर्ने | उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माण भएका हुने छैनन् | मध्यकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ११८. गोदाम घर वा भण्डारण गृह स्थापना गरी आपत्कालिन उद्धार सामाग्रीहरू तथा उपकरणहरू ( डुङ्गा, लाइफ ज्याकेट, दमकल, एम्बुलेन्स, स्ट्रेचर आदि), महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष खाद्यान्न, औषधि, सरसफाईका सामान तथा सहायक उपकरणहरू सहित खाद्य, पेय तथा अखाद्य सामाग्रीहरू, बीउबिजन, पशुपन्छीका दानाहरू पर्याप्त मात्रामा भण्डारण गर्ने | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरूमा राहत तथा उद्धार सामग्रीहरू उपलब्ध भएका हुनेछन् | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार,  नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| ११९. महिला, बालबालिका, बृद्धबृद्धा र अपाङ्ग व्यक्तिहरूको खोज, उद्धार र प्रतिकार्यको क्रममा सुरक्षा र अन्य आवश्यकताहरूको लागि विशेष व्यवस्था गर्ने | विपद्को समयमा संकटउन्मुख समूहको सुरक्षा भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, संयुक्त |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| | | | | राष्ट्र संघीय संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु |
| १२०. सामुदायिक संस्थाहरू (बाल क्लब, युवा क्लब, आमा समूह, वरिष्ठ नागरीक मञ्च, नागरीक सरोकार केन्द्र, वन उपभोक्ता समिती आदि) को विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिबृद्धि गर्ने | सामुदायिक संस्थाहरूको विपद प्रतिकार्य क्षमता विकास भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू |
| १२१. उच्च जोखिम क्षेत्रका बस्तीहरू कम जोखिम क्षेत्रमा सार्ने | उच्च जोखिम क्षेत्रका बस्तीहरू विपद् जोखिम बाट सुरक्षित भएका हुनेछन् | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| १२२. पुनर्निर्माण गर्दा भौतिक पूर्वाधारहरूको योजना सहित एकीकृत बस्ती विकास गर्ने | योजनाबद्ध बस्ती विकासले अझ राम्रो पुनर्निर्माण भएको हुनेछ | दीर्घकालिन | हेटौडा उपमहानगरपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

## ३. रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी तथा दक्षतापूर्ण कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्था निम्न प्रकारले गरिनेछ ।

१. उपमहानगरपालिकाकोश्रोत बाँडफाँड प्रक्रिया
   - क) विषयगत क्षेत्रहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि बजेटबाँडफाँड
   - ख) प्रमुख विपद् घटनापछि पुनर्लाभ र पुर्ननिर्माणका लागि हरेक विषयगत क्षेत्रहरुमा विशेष बजेटको व्यवस्था
   - ग) प्रमुख विपद् घटनापछि अन्य आयोजनाको बजेटबाट सोहि विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुर्ननिर्माणमा उपयोग गर्ने गरी “बजेट रकमान्तर” गर्ने व्यवस्था

२. संघ वा प्रदेश सरकारबाट उपमहानगरपालिकाको लागि सार्वजनिक व्यय व्यवस्थापन
   - क) संघ वा प्रदेश सरकारबाट उपमहानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि बजेट विनियोजन
   - ख) संघ वा प्रदेश सरकारबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा उपलब्धीमा आधारित अनुदान
   - ग) संघ वा प्रदेश सरकारबाट विपद् जोखिम न्यूनीकरणको अतिरिक्त व्ययभारको लागि थप अनुदान

३. उपमहानगरपालिकामा नियामक प्रक्रियाबाट प्राप्त श्रोत
   - क) शहरी योजना, जग्गा प्लटिङ्ग र अन्य भौतिक तथा पर्यावरणीय योजना नियमन
   - ख) निर्माण नियमहरू, निर्माण संहिता र निर्माण उद्योग लाइसेन्सका शर्तहरू
   - ग) खरिद सम्झौताका शर्तहरू
   - घ) सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्क
   - ङ) बीमा, बैंकिङ्ग कारोबार र कर्जाका शर्तहरू
   - च) सम्पत्तिको मूल्याङ्कन र खरिद विक्री दस्तुर
   - छ) प्राकृतिक श्रोतसाधनहरू (वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी
   - ज) घर जग्गा कर

४. उपमहानगरपालिकामा समर्पित “विपद् व्यवस्थापन कोष”

५. निजी संस्थाहरू, नेपाल उद्योग वाणिज्य महासंघ, सहकारी, बैंक, वित्तीय संस्था तथा वीमा कम्पनीहरूको लगानी

६. विकास साझेदारहरू (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू) बाट सहयोग

७. बीमा सुविधाहरूको व्यापक कवरेज र पहुँचमा सहजताका साथै विपद् पश्चातको दावीहरूको द्रुत फर्छ्यौट

८. भवन निर्माण संहिताको पालना र अझ राम्रो निर्माण तथा हरित विकास अवधारणामा आधारित प्रवलीकरणका लागि कर प्रोत्साहन
९. विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका गतिविधिहरूको वित्तपोषणका लागि पेट्रोलियम पदार्थहरूमा कर र लेभी
१०. व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility)र अन्य पहलहरू मार्फत निजी क्षेत्रबाट सहायता
११. अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू एवं रेडक्रस अभियानका अंगहरुबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम बजेट

## ४. रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

विपद् जोखिम न्यूनीकरणका लागि सरकार तथा सरकारी एवं गैर सरकारी सरोकारवालाहरूको साझा प्रयासको आवश्यकता पर्दछ । विपद् जोखिम न्यूनीकरण विकास प्रक्रियाको एक भाग भएकोले संघ, प्रदेश र स्थानीय सरकारका सबै विकाससँग सम्बन्धित निकायहरूले सहकार्य र समन्वय गरेर काम गर्नु आवश्यक छ । विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू आवधिक योजना तथा कार्यक्रममा एकीकृत गर्न र प्रगति नियमित अनुगमन गर्न जरूरी छ । विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरिनेछन् ।

१. यस कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गरिनेछ साथै कार्ययोजनालाई परियोजनाको रुपमा विस्तृतीकरण गरी लागु गरिनेछ ।
२. उपमहानगरपालिकाको कार्यक्रम तर्जुमा एवँ कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।
३. विपद् जोखिम न्यूनीकरण सम्बन्धी आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरिनेछ ।
४. यस कार्ययोजनाको कार्यान्वयन तथा व्यवस्थापन पद्धतीमा सुधार गर्नका लागि उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन गरी सो को प्रतिवेदन अनुसार उपमहानगरपालिकाको पुनः संरचना गरिनेछ ।
५. यस कार्ययोजना कार्यान्वयनको लागि आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ ।

उत्थानशील समुदायको निर्माणमा संघ, प्रदेश र स्थानीय तहका संस्थाहरूको निर्दिष्ट र विशिष्ट भूमिका रहेको हुनाले ती संस्थाहरूको गुणात्मक एवम् परिमाणात्मक कार्यसम्पादनमा नै विपद् जोखिम न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन र यसको प्रभावकारिता भर पर्दछ । यसको लागि विभिन्न स्तरमा अनुगमनको आवश्यकता पर्दछ । विपद् पश्चात गरिने पुर्ननिर्माण कार्यलाई **"अझै राम्रो र बलियो निर्माण"**मार्फत भविष्यमा हुन सक्ने विपद् जोखिमको न्यूनीकरण सँग जोड्नु जरूरी छ । प्रभावकारी पूर्वतयारीले विपद् प्रतिकार्यलाई चुस्त दुरूस्त बनाउनुका साथै जनधनको क्षतिलाई कम गर्न महत्वपूर्ण भूमिका खेल्छ । यसर्थ विपद् प्रतिकार्यलाई पूर्वतयारीसँग जोड्न जरूरी छ ।

नगर विपद् व्यवस्थापन समितिले यस रणनीतिक कार्ययोजना कार्यान्वयनको**समन्वय,अनुगमन तथा मूल्याङ्कन** गर्नेछ । समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण र अनुगमन तथा मूल्याङ्कनको आधारमा **"नगर विपद् प्रतिवेदन"** तयार गरी कार्यपालिका मार्फत नगरसभामा पेश गर्नेछ । उक्त प्रतिवेदन नगर सभाले पारित गरेपछि सार्वजनिक रुपमा प्रकाशन गरिनेछ । साथै उक्त प्रतिवेदनलाई जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गरिनेछ ।

सिद्धान्ततः स्वतन्त्र र निष्पक्ष मूल्यांकनका लागि तेस्रो पक्षद्वारा पनि अनुगमन गर्नुपर्ने हुन्छ । यसका लागि छोटो अवधिको लागि परामर्शदाता नियुक्त गरेर तेस्रो पक्षको अनुगमन अवधारणालाई मूर्त रूप दिइनेछ ।

रणनीतिक कार्ययोजना हरेक पाँच वर्षमा पुनरावलोकन गरिनेछ । परिवर्तित अवस्था अनुसार सान्दर्भिक बनाउन आवश्यकता अनुसार रणनीतिक कार्य योजना अद्यावधिक गरीनेछ । रणनीतिक कार्ययोजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरू सहभागी हुनेछन् । रणनीतिक कार्ययोजना निम्न अवस्थामा अद्यावधिक गरीनेछ ।

- सरकारको कानून र नीति परिवर्तन भएमा
- विश्वव्यापी संरचना र विकासक्रमसँग तालमेल मिलाउनु आवश्यक भएमा
- प्रमुख विपद् घटना पछिको सिकाईलाई समेट्न जरूरी भएमा
- पाँच वर्षे समीक्षाको निष्कर्ष र सिफारिसहरूका आधारमा

**प्रमाणीकरण गर्नेको**
**नाम थर : गोपाल प्रसाद वगाले**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**पृष्ठ संख्या : ३२**
**मिति : २०७६।१२।२**
**कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।११।२**